गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश अस्पताल

दमौली, तनहूँ, नेपाल

वार्षिक प्रतिवेदन

(आ.व. २०८२/८३)

सूचनाको हक सम्बन्धि ऐन २०६४ दफा ५(३) बमोजिम प्रस्तुत सार्वजनिक सूचना :

२०८३ श्रावण १५

१. निकायको स्वरुप र प्रकृति:

क. परिचय

नेपालको राजधानी काठमाण्डौ देखि १५० कि.मी. पश्चिम, गण्डकी प्रदेशको राजधानी पोखरा देखी ५० कि.मी. पुर्वमा तनहूँ जिल्ला व्यास नगरपालिका, वडा नं. ३ स्थित **प्रदेश अस्पताल दमौली** गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको एक स्वास्थ्य सेवा प्रदायक संस्था हो । यो अस्पताल यस जिल्ला वरिपरिका अन्य अस्पतालको रेफरल अस्पतालको रुपमा पनि रहेको छ । १५ रोपनी क्षेत्रफलमा फैलिएको यस अस्पतालले स्थानिय समुदायका सेवाग्राहीहरुलाई आशिंक वा पूर्ण शुल्क छुटमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रशामक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । यस अस्पतालले जिल्लाका धेरै स्वास्थ्य संस्थाको प्रेषण केन्द्रको रुपमा समेत कार्य गर्दछ ।

ख. प्रदेश अस्पताल दमौलीको विकासक्रम

तनहूँ जिल्लामा वि.स. २०२८ सालमा दमौली स्वास्थ्य चौकीको रुपमा स्थापना भई तनहूँको सदरमुकाम दमौली र वरपरका गाउँवस्तीहरुका वासिन्दाहरुलाई स्वास्थ्य सेवा दिदै आएको, वि.सं. २०५० पौषमा दमौली स्वास्थ्य चौकी बाट दमौली प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नती भएको र २०५९ सालमा १५ शैयाको दमौली अस्पतालको रुपमा पुनः स्तरोन्नती भयो ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिम तयार भएको नयाँ भवनबाट वि.सं. २०७२ देखी सेवा संचालन हुंदै आएको छ । यस अस्पताल तनहूँ जिल्लाको केन्द्रभाग, व्यास नगर पालिकाको प्रशासनिक केन्द्र वडा नं. ३ स्थित पश्चिममा कृषि ज्ञानकेन्द्र, उत्तरमा खुल्ला मैदान, पूर्वमा प्रहरी प्रमुख निवास र दक्षिणमा शान्तिनरटोलको विच भागमा अवस्थित छ ।

यस अस्पताल कुल ६९ जनाको दरबन्दि सहित ५० शैयाको सेकेण्डरी अस्पतालको रुपमा हाल संचालनमा रहेको छ । संघिय संरचना अनुसार गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतमा रहेको यो अस्पताल पृथ्वीराजमार्गबाट करिव २०० मिटरको दुरीमा, दमौली बजारको दक्षिणी भागमा अवस्थित छ ।

२ अस्पतालको काम, कर्तव्य र अधिकार

क) अस्पतालको कामहरू (Functions of a Hospital):

- विरामीहरूको उपचार गर्नु (स्वास्थ्य सेवा प्रदान गर्नु),
- आकस्मिक सेवाहरू (Emergency services) प्रदान गर्नु,
- स्वास्थ्य परीक्षण, निदान, उपचार व्यवस्थापन र परामर्श सेवा दिनु,
- सर्जिकल तथा अन्य विशेष उपचार सेवा प्रदान गर्नु,

- फार्मेसि तथा प्रयोगशाला सेवा उपलब्ध गराउनु,
- मातृ तथा नवजात शिशु सेवा (Maternity and Newburn Care) प्रदान गर्नु,
- खोप, पोषण, परिवार योजना तथा रोग नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्नु,
- स्वास्थ्य सम्बन्धी जनचेतना र शिक्षा प्रदान गर्नु,
- पुनर्स्थापना तथा प्रशामक सेवा (Rehabilitation and Palliative services) उपलब्ध गराउनु,

ख) अस्पतालका कर्तव्यहरू (Duties of a Hospital):

- सबै बिरामीलाई समान व्यवहार गर्नु
- स्वास्थ्य सेवामा गोपनीयता कायम राख्नु
- समयमै र प्रभावकारी सेवा प्रदान गर्नु
- दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरूद्वारा सेवा दिनु
- सरसफाइ र संक्रमण नियन्त्रणमा ध्यान दिनु
- कानुनी तथा नैतिक मापदण्ड अनुसार काम गर्नु
- आपतकालीन अवस्थामा तुरुन्त सेवा प्रदान गर्नु
- दर्ता, रिपोर्टिङ र अभिलेख व्यवस्थापन उचित रूपमा गर्नु
- बिरामी तथा आफन्तसँग सहानुभूति र इमानदारी पूर्वक व्यवहार गर्नु ।

ग) अस्पतालका अधिकारहरू (Rights of a Hospital) :

- सेवा वापत उचित शुल्क लिन पाउने,
- सेवा नदिने अधिकार (यदि बिरामी वा आफन्तले नियम वा आचारसंहिता उल्लङ्घन गरेमा),
- सरकारी सहायता वा अनुदान प्राप्त गर्ने अधिकार
- नियम तथा प्रक्रिया बनाउने र कार्यान्वयन गर्ने अधिकार
- स्वास्थ्यकर्मी तथा स्टाफप्रति सुरक्षा माग गर्ने अधिकार
- बिरामीको चिकित्सकीय अभिलेख सुरक्षित राख्ने अधिकार
- बिरामी वा आफन्तबाट दुर्व्यवहार भएमा दोषि माथी प्रचलित कानुन वमोजिम कानुनी कारवाही अगाडी वढाउने
- अनुसन्धान तथा तालिमका कार्यक्रम सञ्चालन गर्ने (यदि अनुमती छ भने)
- औषधि तथा उपकरण खरिद गर्ने अधिकार
- सरकारी नीति अनुरूप सेवा विस्तार वा परिमार्जन गर्ने अधिकार ।

उद्देश्यहरु

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने,
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्राणालीको स्थापना एवं स्वास्थ्य सेवा प्रवाह गर्ने,
- स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई सहज रुपमा उपचार सेवा उपलब्ध गराउने,
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता सुनिश्चितता गरि अस्पतालको सुद्धिकरणमा समुदाय तथा नीजि क्षेत्रको संलग्नता वृद्धि गर्दै अपनत्व प्रवर्द्धन गर्ने र
- विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सेवा तथा उपकरणहरु व्यवस्थापन र परिचालन गर्ने ।

भावी सोच : स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक ।

ध्येय : उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग मार्फत सेवाग्राही र सरोकारवालाहरु बीच रणनीतिक सहकार्य गरी नागरिकहरुको सहज उपचार पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

लक्ष्य : आधुनिक सेवाहरु थप गर्दै आधारभूत स्वास्थ्य समस्याहरुको उपचारका लागि ठुला शहरमा जानुपर्ने बाध्यताको अन्त्य गरि उपचार सेवाको पहुँच वृद्धि गर्ने र न्यायसंगत एवं जवाफदेहि प्रणालीको माध्यमबाट उपचार सेवा उपलब्ध गराउने ।

सेवाग्राहिको कर्तव्य

- विद्यमान कानुन प्रति जानकार रहनु,
- अस्पतालको नियमको परिपालन गर्नु,
- प्रक्रिया र कार्यविधि पुरा गर्नु
- सचेत सेवाग्राही बन्नु,
- सकारात्मक दृष्टिकोण राख्नु,
- समष्टिमा असल नागरिकको भूमिका निर्वाह गर्नु ।

सेवाग्राहिको अधिकार

- अस्पतालबाट सेवा सुविधा पाउने अधिकार,
- सुचना ग्रहण गर्ने अधिकार,
- सर्वसुलभ तथा गुणस्तरीय सेवा पाउने अधिकार,
- सचेत सेवाग्राही बन्नु,
- शिष्ट, नम्र तथा मर्यादित व्यवहार प्राप्त गर्ने अधिकार,
- कानुन सम्मत गुनासो तथा उजुरी गर्ने अधिकार ।

अस्पतालमा संचालित शैया संख्या


स्वीकृत शैया संख्या	५०	
संचालित शैया संख्या	५३	
जम्मा संचालित शैया संख्या	**५३ मध्ये**	
• Emergency	१०	
• General	६	
• Pediatric	८	
• Matranity Ward	७	(पुर्वप्रसुती २, सुत्केरी ५)
• Post-operative Ward	२	
• SNCU	४	
• Dialysis	१०	
• OCMC	२	
• Geriatric	२	
• HDU/ICU	२	

३ कर्मचारी विवरण

सि.नं.	पदनाम	स्थाई	छात्रवृत्ति करार	समिति करार	प्रदेश करार	दरबन्दी करार	कार्यक्रम (संघ)	सेवा खरिद	कुल जम्मा
१	विशेषज्ञ	१	३	१	०	०	०	०	**५**
२	मे.अ./डे.स.	१	६	१	१	०	०	५	**१४**
३	पारामेडिक्स	३	०	२	४	०	१	६	**१६**
४	नर्सिंग	६	७	०	१३	०	१६	४	**४६**
५	प्रयोगशालाकर्मी	२	१	२	३	०	१	२	**११**
६	प्रशासन	१	०	४	०	०	१	३	**९**
७	अन्य स्वास्थ्यकर्मी	२	४	४	७	०	०	२	**१९**
८	कार्यालय सहयोगी	०	०	७	०	१२	१	५	**२५**
	कुल जम्मा	**१६**	**२१**	**२१**	**२८**	**१२**	**२०**	**२७**	**१४५**

मिति : २०८३-०३-३२

क) स्वीकृत दरबन्दि (६९ जना) अनुसार कर्मचारी संगठन तालिका



ख) कार्यरत जनशक्ति विवरण

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट २०८२ माघ महिनामा पद दर्ता गरिएको प्राप्त पत्रानुसार यस अस्पतालमा मौजुदा ३२ जनामा ४६ जना थप भएको र ९ जनाको दरबन्दि घटेको र खुद ६९ जनाको दरबन्दि कायम भएको अवस्था छ । हाल स्थाई दरबन्दिमा ४०.५७ प्रतिशत जनशक्ति व्यवस्थापन भएको अवस्था छ ।

हाल कार्यरत जनशक्तिको संख्या संगठन तालिका भन्दा माथी टेवलमा देखाईएको छ, जसमा स्थाई दरवन्दिमा १६ जना, दरबन्दि करारमा १२ समेत २८ जना सहित छात्रवृत्ति करार, व्यवस्थापन समिति करार, प्रदेश करार, कार्यक्रम करार (संघ) र सेवा खरिद समेत हाल कार्यरत कर्मचारीहरुको संख्या १४५ जना छ ।

अस्पतालको भौतिक पूर्वाधार

Block	दमौली अस्पताल भवनहरु
A	आकस्मिक कक्ष भवन (सावित्रिक प्रा.स्वा.के. भवनमा)
	Emergency

B	गोवर्धन आखाँ उपचार केन्द्र (सावित्रिक खेलकुद कभर्ड हल भवन)
	Eye OPD, ART सेन्टर, DOTS सेन्टर-क्षयरोग/कुष्ठरोगको औषधि वितरण कक्ष ।

C	प्रशासनिक भवन (रातो भवन)	
	भुँई तल्ला	पहिलो तल्ला
	अस्पताल प्रशासन, मेडिकल रेकर्ड शाखा तथा सि.एम.ई.हल	मे.सु.को कार्यकक्ष, आर्थिक प्रशासन, स्टोरकिपरको कार्यकक्ष, पुस्तकालय, स्तपानकक्ष ।

D	अस्पतालको मुख्य भवन		
	भुँई तल्ला	पहिलो तल्ला	दोश्रो तल्ला (छत)
	टिकट काउन्टर	प्रयोगशाला	डेन्टल ओ.पि.डि.
	स्वास्थ्य विमा	एक्सरे	ईन्डोस्कोपिक सेवा
	फार्मेसी	अन्तरङ्ग विभाग	फिजियोथेरापी
	जनरल ओपिडी	नर्सिङ्ग प्रमूख कक्ष	
	पेडियाट्रीक ओपिडी	शल्यक्रिया कक्ष	
	ड्रेसिङ्गरुप (जनरल सर्जरी)	प्रसुति कक्ष	
	स्टोर (मेडिसिन)	सुरक्षित गर्भपतन	

D	अस्पतालको मुख्य भवन		
	भुँई तल्ला	पहिलो तल्ला	दोश्रो तल्ला (छत)
	MCH Clinic (खोप, पोषण, प.नि. तथा गर्भजाँच सेवा-बार अनुसार सेवा)		
	डायलाईसिस् सेवा		
	OCMC सेवा		
	भिडियो एक्सरे/ ईकोकार्डियोग्राम सेवा		
	छाला तथा यौनरोग ओ.पि.डि.		
	स्त्री तथा प्रसुति रोग ओ.पि.डि.		
	हाडजोर्नी ओ.पि.डि.		
	मेडिकल ओ.पि.डि.		
	सामाजिक सेवा इकाई		

E	चमेना गृह (विरामी र स्टाफहरुको लागि)

F	शवगृह तथा मर्चरी (शितघर)

G	Blood Bank

४. अस्पतालबाट प्रदान गरिने सेवा

- २४सै घण्टा सेवा
  - आकस्मिक कक्ष : दुर्घटना वा अन्य गम्भिर अवस्थामा आईपुगेका विरामीहरुका लागि चिकित्सक एवं विशेषज्ञ चिकित्सहको उपस्थितिमा उपचार व्यवस्थापन गरिन्छ ।
  - प्रयोगशाला: हेमाटोलोजी, बायोकेमेस्ट्री, माईक्रोबायोलोजी, जिन एक्सपर्ट, थाईरोईड, कल्चर आदी सेवाहरु चौविसै घण्टा प्रदान गरिन्छ ।
  - एक्सरे : चौविसै घण्टा प्रदान गरिन्छ ।
  - फार्मेसी : नेपाल सरकारको नि:शुल्कको सुचिमा सुचीकृत औषधिहरुको नि:शुल्क वितरण गरिन्छ, स्वास्थ्य विमा कार्यक्रममा आवद्ध सेवाग्राहीहरुलाई स्वास्थ्य विमाको नियमानुसार औषधि वितरण गरिन्छ र अन्य औषधिहरु सुपथ मुल्यमा बिक्री वितरण गरिन्छ ।
  - सामाजिक सेवा एकाई : नेपाल सरकारले तोकेको लक्षित वर्ग (जेष्ठ नागरिक, अतिगरिव, अशक्त, अपाङ्ग, वेवारिसे, महिला स्वास्थ्य स्वयं सेविका, शहिद परिवार आदि) का सेवाग्राहिहरुका लागि निर्देशिकाले तोके बमोजिमको नि:शुल्क स्वास्थ्य सेवा ।
  - एकद्वार संकट व्यवस्थापन सेवा : लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट उपचारात्मक, कानुनी सेवा तथा पुनर्स्थापनात्मक सेवाहरु प्रदान गरिन्छ ।
  - मेडिकोलिगल (मा.प.से., घाँउजाचँ, स्वास्थ्य परिक्षण र पोष्टमोर्टम) सेवा : सडक दुर्घटना तथा कुटपिका विरामीहरुको घाँउ चोटपटक जाँच, माधक पदार्थ सेवन परिक्षण, हिरासतबाट ल्याईएका विरामीहरुको स्वास्थ्य परिक्षण र प्रहरी द्वारा ल्याईएका शवको पोष्टमोर्टम सेवा गरिन्छ ।
  - ई.सी.जी.
  - टिकट काउन्टर : टिकट वितरण, सेवा शुल्क संलन ।
  - स्वास्थ्य विमा उपचार सेवा : स्वास्थ्य विमा कार्यक्रममा आवद्ध सेवाग्राहीहरुका लागि स्वास्थ्य विमा कार्यक्रमको नियमानुसार स्वास्थ्य विमा मार्फत स्वास्थ्य सेवा उपलब्ध गराईन्छ ।
  - अन्तरंग विभाग: : वहिरंग विभाग र आकस्मिक विभागबाट भर्ना गरिएका विरामीहरुको चौविसै घण्टा विशेषज्ञ चिकित्सकको निगरानीमा उपचार सेवा प्रदान गरिन्छ ।
  - प्रसुती कक्ष : अपरेशन सहितको सुत्केरी सेवा चोविसै घण्टा प्रदान गरिन्छ ।
  - ICU/SNCU/NICU
- विशेष सेवाहरु
  - खोप सेवा : हरेक बुधवार (विहान ११ वजे देखि अपरान्ह ४ वजे सम्म ।
  - पोषण सेवा : ५ वर्ष मुनिका वालवालिका र गर्भवती महिलाहरुको पोषण अवस्थाको लेखाजोखा गरिन्छ र कुपोषणमा भएका बालबालिका तथा गर्भवतीहरुलाई पोषण सम्बन्धि सेवा, परामर्श गरिन्छ ।
  - सुरक्षित गर्भपतन : २४ सैं घण्टा ।

- परिवार नियोजन सेवा: कार्यालय समय भित्र ।
- क्षयरोग उपचार सेवा, कुष्ठरोग उपचार सेवा र एन्टिरेट्रो भाइरल उपचार सेवा : कार्यालय समय भित्र ।

➢ बहिरंग सेवा तर्फ
- जनरल ओ.पि.डि. विहान ८:३० देखि साझँ ५:०० सम्म ।
- स्त्री तथा प्रसुति रोग सम्बन्धि ओ.पि.डि., विहान ९:३० देखि दिउसो ३:०० सम्म ।
- बालरोग ओ.पि.डि., विहान ९:३० देखि दिउसो ३:०० सम्म ।
- हाडजोर्नी ओ.पि.डी., विहान ९:३० देखि दिउसो ३:०० सम्म ।
- छाला तथा यौनरोग ओपिडी, विहान ९:३० देखि दिउसो ३:०० सम्म ।
- जनरल सर्जरी, विहान ९:३० देखि दिउसो ३:०० सम्म ।
- डेन्टल ओ.पि.डि., ९:०० देखि ५ वजे सम्म ।
- भिडियो एक्सरे, विहान ९:३० देखि ३:०० वजे सम्म ।
- ड्रेसिङ्ग, कार्यालय समयभित्र ।
- प्लास्टर, कार्यालय समयभित्र ।

➢ प्रयोगशाला सेवा- रगत, दिसा, पिसाव, विर्य, पिप आदी शरिरका तरलपदार्थहरुको परिक्षण, उपयुक्त मेडियामा उमार्ने र औषधि संगको सम्वेदनशिलता परिक्षण गर्ने कार्य २४ सैं घण्टा ।

➢ Gene X-pert and CD4 Count : २४ सैं घण्टा ।

➢ शवगृह
- पोष्टमार्टम : कार्यालय समय भित्र ।
- मर्चरी सेवा (शितघर) : २४ सैं घण्टा ।

<u>विशेषज्ञ OPD सेवाहरु</u>

फिजिसियन (पेट, मुटु तथा छाती रोग विशेषज्ञ (दैनिक)

प्रसुती तथा स्त्रीरोग विशेषज्ञ (आइतवार, मंगलवार र बिहिवार)

बालरोग विशेषज्ञ (दैनिक)

एनेस्थेसियोलोजिष्ट (Anaesthesiologist)

भिडियो एक्सरे सेवा (USG) रेडियोलोजिष्ट बाट दैनिक

शल्य चिकित्सा सेवा (माईनर सर्जरी-दैनिक, ईन्टरमेडिएट र मेजर सर्जरी- हरेक मंगलवार)

<u>थप सेवाहरु</u>

ईन्डोस्कोपी सेवा, दैनिक कार्यालय समय भित्र ।

Physiotherapy सेवा, दैनिक कार्यालय समय भित्र ।

मुटुको भिडियो एक्सरे (Echo), दैनिक कार्यालय समय भित्र ।

Digital X-Ray सेवा : दैनिक २४ सै घण्टा

Major/ Intermediate शल्यक्रिया (मंगलवार)

Minor Surgery (सामान्य शल्यक्रिया) दैनिक कार्यालय समय भित्र ।

Cardiotocography (CTG) monitoring

<u>प्रयोगशाला सम्बन्धि विशेष थप सेवाहरु</u>

Culture सेवा

Vit-D जाँच सेवा

Vit-B12 परिक्षण

HBA1C परिक्षण

Thyroid Function Test सेवा

५. चिकित्सक तथा विभागिय प्रमुखहरु

सि.नं.	नाम, थर	पद	जिम्मेवार शाखा/विभाग	फोन नम्बर	कैफियत
१	डा. परिर्वतन वराल	मेडिकल सुपरिटेन्डेण्ट	अस्पताल प्रमुख	9856065652	
२	डा. भविष्य श्रेष्ठ	बालरोग विशेषज्ञ	बालरोग विशेषज्ञ	9866000258	
३	डा. सन्दिप श्रेष्ठ	कन्सल्टेन्ट पेडियाट्रिसियन	Pedriatic	9846760490	
४	डा. प्रदिप रिमाल	कन्सल्टेन्ट अर्थोपेडिक सर्जन	Ortho OPD/OT	9852065593	
५	डा. प्रचण्ड पौडेल	मेडिकल जनरलिष्ट [MDGP]	ER/OPD/Wrd/OT	9860246585	
६	डा. प्रविण पाण्डेय	मेडिकल अधिकृत	रेडियोलोजी युनिट	9849616580	
७	डा. ममता वाग्ले	डेन्टल सर्जन	दन्तरोग विभाग	9843613994	
८	डा. प्रेरणा श्रेष्ठ	डेन्टल सर्जन	दन्तरोग विभाग	9826182666	
९	डा. स्वेता अग्रवाल	डेन्टल सर्जन	दन्तरोग विभाग	9807957740	
१०	डा. आशिष पौडेल	मेडिकल अधिकृत	OPD/ER/Dial	9866001297	
११	डा. आशिष अधिकारी	मेडिकल अधिकृत	OPD/ER/Dial	9846869415	
१२	डा. रबिन पण्डित	मेडिकल अधिकृत	OPD/ER/Dial	9846765390	
१३	डा. शुसान्त थापा	मेडिकल अधिकृत	OPD/ER/Dial	9860402289	
१४	डा. आदर्श वस्ताकोटी	मेडिकल अधिकृत	OPD/ER/Dial	9863379796	
१५	डा. प्रभा श्रेष्ठ	मेडिकल अधिकृत	OPD/ER/Dial	9820099449	
१६	डा. सुकृति आचार्य	मेडिकल अधिकृत	OPD/ER/Dial	9864836918	
१७	डा. आयुषा रानाभाट	मेडिकल अधिकृत	OPD/ER/Dial	9846723780	
१८	डा. अन्जना विश्वकर्मा	मेडिकल अधिकृत	OPD/ER/Dial	9844927496	
१९	श्री दिपा पाण्डे	अ.न.निरिक्षक	नर्सिंग प्रमुख/सामाजिक सुरक्षा	9846441082	
२०	श्री इच्छा कुंवर	अ.न.निरिक्षक	डायलाईसिस युनिट	9865937504	
२१	श्री दौ कुमारी गुरुङ	अ.न.निरिक्षक	स्टोर शाखा/ओ.सि.एम.सि.	9860715510	
२२	श्री हम माया पुन	सि.अ.न.मी. निरिक्षक	एम.सि.एच. क्लिनिक	9846081165	
२३	श्री दिनेश पण्डित	सि.अ.हे.व. अधिकृत	सुचना अधिकारी	9856060820	
२४	श्री कृष्ण बहादुर कार्की	लेखा अधिकृत	Account Section	9856063850	
२५	श्री प्रेरणा कटवाल	हेल्थ असिष्टेण्ट	आकस्मिक कक्ष	9862923537	
२६	श्री दुर्गा कुमाल	मेडिकल रेकर्ड सुपर्भाईजर	तथ्यांक तथा योजना शाखा	9864424791	
२७	श्री युबराज भुषाल	वरिस्ठ प्रशासन सहायक	प्रशासन शाखा	9861890865	
२८	श्री विकास कु. भगत	रेडियो ग्राफर	एक्सरे युनिट	9811702733	
२९	श्री पुनम गूरुडग	स्टाफनर्स	ART/DOTS	9861110746	
३०	श्री लक्ष्मी चौधरी	अफ्थाल्मीक असिष्टेण्ट	आँखारोग	9846087337	
३१	श्री सुरेन्द्र बाबु श्रेष्ठ	फार्मेसी सहायक	फार्मेसी शाखा	9808691169	
३२	श्री मिलन सुनार	आईटी असिष्टेन्ट	सुचना प्रविधि शाखा	9846659674	
३३	श्री विकेश गुप्ता	एनेस्थेसिया असिष्टेण्ट	अपरेसन कक्ष	9867555333	
३४	श्री विकास पौडेल	ल्याव असिष्टेण्ट	प्रयोगशाला शाखा	9849994235	
३५	श्री अमर राज भण्डारी	दर्ता सहायक	गुनासो संकलन अधिकारी	9856091869	
३६	श्री रामकला पन्थ	अ.हे.व.	ओपिडी ड्रेसिंग	9846179765	
३७	श्री सुन कुमारी तामाङ	दर्ता सहायक	टिकट काउन्टर	9846165123	
३८	श्री सन्जिब रानाभाट	अ.हे.व.	स्वास्थ्य विमा कार्यक्रम	9803341641	

६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर

SN	Services/Tests/Procedure etc	NRs
1	OPD Ticket (ओ.पि.डी. टिकट)	25
2	ER Ticket (इमर्जेन्सी टिकट)	50
3	X-Ray (per film Singal View)	350
4	X-Ray (per film Double View)	450
5	X-Ray (per film Triple View)	550
6	E.C.G. (ई.सि.जी.)	200
7	U.S.G. (भिडियो एक्स-रे)	700
8	Plaster Cast (प्लास्टर काष्ट)	800
9	Plaster Slab (प्लास्टर स्ल्याव)	450

SN	Services/Tests/Procedure etc	NRs
10	Plaster Removal	50
11	Dressing Large	150
12	Dressing Medium	100
13	Dressing Small	50
14	Dressing with Ca(OH)2	200
15	Suture Removal+Dressing Major	250
16	ZOE Dressing	200
17	Suture(Up to 5)	100
18	Suture(5 to 10)	200

SN	Services/Tests/Procedure etc	NRs
19	Suture(Above 10)	300
20	Oral Suture (1 to 3)	200
21	Oral Suture (4 to 6)	300
22	Oral Suture (above 6)	400
23	Suture Removal	50
24	Gastric Lavage	500
25	Intra articular / Intralesional	600
26	Nebulization	50
27	Oxygen per hour (अक्सिजन)	50
28	Ng Tube	100
29	Intubation	500
30	IV Anesthesia	500
31	Pleural / Ascites Fluid Trapping	500
32	Reduction of Dislocation	300
33	I&D Minor	200
34	Foreign body removal	500
35	Minor OT-A	1000

SN	Services/Tests/Procedure etc	NRs
36	Minor OT-B	2000
37	Minor OT-C	3500
38	Minor OT-D	4500
39	Intermediate OT-A	5000
40	Intermediate OT-B	8000
41	Intermediate OT-C	9500
42	Major OT-A	12000
43	Major OT-B	15000
44	Major OT-C	20000
45	मा.प.से. परीक्षण / स्वास्थ्य परिक्षण	100
46	Nasal Packing	100
47	OJT Certificate	100
48	OJT / Clinical field (per month)	1500
49	OJT / Clinical field for bachelor level student (per month)	2000
50	ARV Injection Charge (रेविज भ्याक्सिन)	50

Laboratory Tests

Biochemistry

SN	Services/Tests/Procedure etc	NRs
51	FBS/PPBS/Random Sugar	50
52	Serum Uric Acid	150
53	RFT(KET) Package	700
54	Serum Creatinine	150
55	Blood Urea	150
56	Sodium	200
57	Potassium	200
58	Serum Amylase	250
59	LFT Package	800
60	Serum Bilirubin (Direct/indirect)	200
61	SGOT (AST)	150
62	SGPT (ALT)	150
63	Serum Alkaline Phosphatase	150
64	Serum Total Protein	150
65	Serum Albumin	150
66	Lipid Profile Test	600
67	Total Cholesterol	150
68	LDL	150
69	HDL	150
70	Serum Triglyceride	150
71	Troponin	600
72	CPK-MB	600
73	Serum Calcium	300
74	Free Thyroxine (FT4)	300
75	Free Triiodothyronine (FT3)	300
76	Thyroid-Stimulating Hormone (TSH)	300
77	TFT	785
78	Vitamin B12	1090
79	Vitamin D	1650
80	Phosphorus	200
81	Magnesium	300
82	Lipase	300
83	CRP quantitative	500

Bacteriology

SN	Services/Tests/Procedure etc	NRs
84	Gram Stain	200
85	Gene X-Pert	Free
86	Sputum for AFB staining	Free

SN	Services/Tests/Procedure etc	NRs
87	Blood C/S	500
88	High Vaginal Swab (HVS) C/S	350
89	Pus C/S	350
90	Sputum C/S	350
91	Stool C/S	350
92	Urethral Swab C/S	350
93	Urine C/S	350
94	Wound Swab C/S	350
95	CD4 Count	Free

Haematology

SN	Services/Tests/Procedure etc	NRs
96	Hb%	50
97	CBC (TC, DC, Hb%, Platelet Count	350
98	ESR	50
99	Bleeding Time (BT)	75
100	Clotting Time (CT)	75
101	MP (Malaria Paraside)	free
102	Blood Grouping Rh Typing	50
103	HBA1C	700
104	Platelets Count	100
105	(TC, DC)	100
106	Prothrombin Time (PT/INR)	180
107	APTT	290

Immunology

SN	Services/Tests/Procedure etc	NRs
108	RA Factor	150
109	ASO Titer	200
110	Urine Pregnancy Test	100
111	CRP (Qualitative)	150
112	H. Pylori Ag	400
113	Mantoux Test	200

Serology

SN	Services/Tests/Procedure etc	NRs
114	HIV Test	free
115	HBsAG Test	300
116	HCV Test	300

SN	Services/Tests/Procedure etc	NRs
117	VDRL Test	150
118	Dengue	Free
119	SCRUB TYPHUS	Free
120	K39	Free
121	Widal test	150
122	Cholera antigen test	Free
123	Typhoid (IgG, IgM)	200

Parasitology

SN	Services/Tests/Procedure etc	NRs
124	Urine RE/ME	50
125	Stool RE/ME	50
126	Stool Occult Blood	100
127	Urine Acetone	100
128	KOH Preparation	200
129	Body fluid Analysis-TC, DC, Sugar, Protein	500
130	Semen Analysis	150

ANC Package

SN	Services/Tests/Procedure etc	NRs
131	HIV Test	free
132	VDRL Test	150
133	HBsAG Test	300
134	Blood Sugar	50
135	HCV Test	300
136	Hb%	50
137	Blood Grouping	50
138	Urine RE/ME	50
	Total ANC Package	950

Pre test Package for Dialysis

SN	Services/Tests/Procedure etc	NRs
139	RFT	700
140	URIC Acid	150
141	T. Protein/Albumin	300
142	Calcium	300
143	Phosphrous	200
144	Hb%	50
	Total	1700

Dental Service

SN	Services/Tests/Procedure etc	NRs
145	Extraction Deciduous- Mobile	100
146	Ext. Deciduous- Non Mobile	200
147	Ext. Permanent-Mobile	300
148	Ext. Permanent- Non Mobile	500
149	Ext. Third Molar Mobile	500
150	Ext. Third Molar Non Mobile	800
151	RCT- Anterior per visit	700
152	RCT- Posterior per visit	800
153	Deciduous Pulpectomy per visit	500
154	Restoration-GIC	400
155	Restoration-Composite	800
156	Calcium Hydroxide dressing	200
157	Scaling Localized	200
158	Scaling(Supragingival)	600
159	Deep scaling	800
160	Curattage	200
161	ZOE Dressing	200
162	X-Ray	200
163	Suturing (1-5 stitch)	100

SN	Services/Tests/Procedure etc	NRs
164	Suturing (6-10 stitch)	200
165	Suturing (Above 10 stitch)	300
166	Incision Drainage	900
167	Biopsy	400
168	Wound Dressing	100

Dialysis

SN	Services/Tests/Procedure etc	NRs
169	Paying haemodialysis per session	3500
170	DIALYSIS BLOOD TRANSACTION	200

Physiotherapy

SN	Services/Tests/Procedure etc	NRs
170	Physiotherapy package 1 week (level1)	875
171	Physiotherapy package 1 week (level2)	1750
172	Physiotherapy per sitting	150

सेवा प्राप्त गर्ने प्रकृया र लाग्ने समय

- ईमजेन्सी सेवा (२४/७) : दुर्घटना वा अन्य गम्भिर अवस्थामा आईपुगेका विरामीहरुका लागि चिकित्सक एवं विशेषज्ञ चिकित्सहको उपस्थितिमा उपचार व्यवस्थापन गरिन्छ ।
- बहिरंग सेवा : जनरल हेल्थ चेक अप, मेडिसिन, स्त्री तथा प्रसुती, हाडजोर्नी, जनरल सर्जरी, दन्तरोग, बालरोग, आँखारोग, ईसिजी, ड्रेसिङ्ग र ईन्जेक्सन सेवा हरु सार्वजनिक विदा वाहेक कार्यालय समय भित्र प्रदान गरिन्छ ।
- अन्तरंग सेवा : वहिरंग विभाग र आकस्मिक विभागबाट भर्ना गरिएका विरामीहरुको चौविसै घण्टा विशेषज्ञ चिकित्सकको निगरानीमा उपचार सेवा प्रदान गरिन्छ ।
- प्रयोगशाला सेवा: हेमाटोलोजी, बायोकेमेस्ट्री, माईक्रोबायोलोजी, जिन एक्सपर्ट, थाईरोईड, कल्चर आदी सेवाहरु चौविसै घण्टा प्रदान गरिन्छ ।
- सुत्केरी सेवा : अपरेशन सहितको सुत्केरी सेवा चोविसै घण्टा प्रदान गरिन्छ ।
- रेडियोलोजी सेवा : एक्सरे सेवा २४ घण्टा प्रदान गरिन्छ, भिडियो एक्सरे (USG) सेवा रेडियोलोजिष्ट बाट दैनिक कार्यालय समय भित्र ।
- फिजियोथेरापी सेवा: ओ.पि.डी. समय मा ।

- मेडिकोलिगल (२४/७) (मा.प.से., घाँउजाचँ, स्वास्थ्य परिक्षण र पोष्टमोर्टम) सेवा : सडक दुर्घटना तथा कुटपिका विरामीहरुको घाँउ चोटपटक जाँच, माधक पदार्थ सेवन परिक्षण, हिरासतबाट ल्याईएका विरामीहरुको स्वास्थ्य परिक्षण र प्रहरी द्वारा ल्याईएका शवको पोष्टमोर्टम सेवा ।
- फार्मेसि सेवा (२४/७) : नेपाल सरकारको निःशुल्कको सुचिमा सुचीकृत औषधिहरुको निःशुल्क वितरण गरिन्छ, स्वास्थ्य विमा कार्यक्रममा आवद्ध सेवाग्राहीहरुलाई स्वास्थ्य विमाको नियमानुसार औषधि वितरण गरिन्छ र अन्य औषधिहरु सुपथ मुल्यमा बिक्री वितरण गरिन्छ ।
- नवजात शिशु स्याहार सेवा : २८ दिन मुनिका विरामी शिशुहरुलाई विशेष शिशु स्वाहार कक्ष (SNCU) मा राखी निःशुल्क उपचार सेवा चौविसै घण्टा प्रदान गरिन्छ ।
- सुरक्षित गर्भपतन सेवा : १२ हप्ता मुनिका अनिच्छित गर्भको निःशुल्क सुरक्षित गर्भपतन सेवा प्रदान गरिन्छ ।
- परिवार नियोजन सेवा : प्रजनन् उमेर समुहका महिला तथा पुरुषहरुको निःशुल्क अस्थायी र स्थायी परिवार नियोजन सेवा प्रदान गरिन्छ ।
- एकद्वार संकट व्यवस्थापन सेवा : लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट उपचारात्मक, कानुनी सेवा तथा पुनर्स्थापनात्मक सेवाहरु प्रदान गरिन्छ ।
- क्षयरोग कुष्ठरोग नियन्त्रण सेवा: निशुल्क निदान तथा उपचार व्यवस्थापन सेवा प्रदान गरिन्छ ।
- खोप सेवा : नेपाल सरकार बाट ५ वर्ष मुनिका बालबालिकाहरुको लागि निःशुल्क उपलब्ध भएका सबै प्रकारका खोप सेवाहरु हरेक बुधवार कार्यालय समय भित्र (खोप तालिका वमोजिम) प्रदान गरिन्छ ।
- गर्भवती जाँच सेवा : हरेक हप्ताको मंगलबार र विहिवार कार्यालय समयभित्र गर्भवती महिलालाई जाँच गरिनुका साथै र टि.डी. भ्याक्सिन समेत प्रदान गरिन्छ ।
- पोषण सेवा : ५ वर्ष मुनिका वालवालिका र गर्भवती महिलाहरुको पोषण अवस्थाको लेखाजोखा गरिन्छ र कुपोषणमा भएका बालबालिका तथा गर्भवतीहरुलाई पोषण सम्बन्धि सेवा, परामर्श गरिन्छ ।
- अपरेशन सेवा : माईनर अपरेशनहरु सधै मध्यम र ठुला अपरेशनहरुलाई हप्ताको १ पटक हरेक मंगलबार प्रदान गरिन्छ ।
- हेमोडायलार्इसिस् सेवा : मृगौलाका दिर्घरोगी तथा मृगौला फेल भएका बिरामीहरुका लागि हरेक दिन ३ सेसनबाट हेमोडायलाईसिस् सेवा प्रदान गरिन्छ, शनिवार १ सेसनमात्र हेमोडायलाईसिस् सेवा प्रदान गरिन्छ ।
- विस्तारित स्वास्थ्य सेवा : ओपिडी समयमा सेवा लिन असमर्थ सेवाग्राहीहरुको लागि सम्बन्धित विशेषज्ञबाट सःशुल्क (रु. ३५०) को ओपिडी टिकट लिई ओपिडी समय बाहेकको समयमा सेवा प्रदान गरिन्छ ।
- स्वास्थ्य विमा उपचार सेवा : स्वास्थ्य विमा कार्यक्रममा आवद्ध सेवाग्राहीहरुका लागि स्वास्थ्य विमा कार्यक्रमको नियमानुसार स्वास्थ्य विमा मार्फत स्वास्थ्य सेवा उपलब्ध गराईन्छ ।
- सामाजिक सेवा ईकाई : नेपाल सरकारले तोकेको लक्षित वर्ग (जेष्ठ नागरिक, अतिगरिव, अशक्त, अपाङ्ग, वेवारिसे, महिला स्वास्थ्य स्वयं सेविका, शहिद परिवार आदि) का सेवाग्राहिहरुका लागि निर्देशिकाले तोके बमोजिमको निःशुल्क स्वास्थ्य सेवा ।

७ निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयको नियमित कामकाजको लागि कार्यालय प्रमुखले निर्णय लिने, महत्वपुर्ण विषयमा कर्मचारीहरुको वैठक र सरसल्लाह अनुसार निर्णय लिईने गरिएको छ । विभागिय प्रमुखहरुलाई तोकिएको जिम्मेवारी अनुसार कार्यक्रमहरु संचालन हुदै आएको छ । वजेट खर्चका सम्बन्धमा कार्यक्रम निर्देशिका र गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ ले निर्देशन गरे वमोजिम उठाईएको टिप्पणी शाखा प्रमुखहरु सिफारिस हुदै अस्पताल प्रमुखबाट सदर भए पश्चात वजेट खर्च हुदै आएको ।

८ निर्णय उपर उजुरी सुन्ने अधिकारी

स्वास्थ्य सेवाको प्रकृती अनुसार सेवा लिदा वा सेवा प्राप्त गर्ने प्रकृयामा केही विषयमा अश्पष्टता भएमा वा कोही कसैले कार्य सम्पदान गर्दा गरेको ढिला सुस्ती वा अटेरी वा आईपरेका अन्य समस्याहरुका सम्बन्धमा गुनासो सुन्ने अधिकारी समक्ष सेवाग्राहीहरुले गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

गुनासो सुन्ने अधिकारी : श्री अमरराज भण्डारी

कार्यालयको कामको सम्बन्धमा आएका गुनासा र उजुरीको सत्य तथ्य पत्ता लगाई सुधार गर्ने र आगामी दिनमा यस्ता गतिविधिहरु नदोहोरिउन भनि अस्पताल प्रमुखबाटै नियमित रुपमा अनुगमन गर्ने र प्राप्त उजुरी वा गुनासो सुनुवाईको लागि आवश्यक निर्णयलिने गरिदै आएको छ । कर्मचारीहरुको वैठकबाट गुनासा समाधानका उपायहरु खोजी गरी कार्यान्वयन गरिएको समेत छ ।

९ सम्पादन गरेको कामको विवरण (आ.व. २०८२/८३ अगाडी)

- मृगौलाको हेमोडायलासिस सेवा तर्फ ९ मेसिन संचालनमा भएको, प्रतिक्षा सुचीमा १८ जना भएको,
- अस्पतालको आफनै अक्सिजन प्लाण्ट जडान गरि अक्सिजन उत्पादन गरिएको,
- भिडियो एक्सरे (USG) लाई अत्याधुनिक बनाईको छ भने एक्सरेलाई डिजिटल प्रणाली अनुकुल बनाईएको

- विद्युतको वैकल्पिक व्यवस्थापनका लागि दुईवटा जेनेरेटर भएको, जसमध्ये ७५ केभिएको अटोमेटिक जेनेरेटर जस्ले अस्पताल भरी पावर दिने र दोश्रो ६२.२ केभिए को म्यानुअल जेनेरेटर डायलाईसिस कक्षमा मात्र पावर सप्लाई हुने प्रवन्ध गरिएको छ ।
- यस अस्पतालको लागि जडित ट्रान्सफरमरको क्षमता वृद्धिगरी २०० केभिए बनाईएको, जसले गर्दा ओभरलोड भएर विद्युत कटौती हुने समस्याको न्युनिकरण भएको ।
- शवलाई लामो समयसम्म सुरक्षित राख्नका लागि शव चिसो बनाउने मेशिन (मर्चरी च्याम्बर) प्रवन्ध गरिएको, हाल एक पटकमा ५ मृत शरिरको व्यवस्थापन गर्न सकिने ।
- अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि गत वर्षदेखि ठुलो क्षमताको अटोक्लेभ मेशिन व्यवस्था गरिएको साथै फोहोर व्यवस्थापनका लागि भिन्दै भवन निर्माण गरिएको,
- सम्पूर्ण अस्पतालको अनलाईन अनुगमनका लागि सि.सि. क्यामेरा जडान गरिएको, कर्मचारीको विद्युतीय हाजिर पद्धति लागु गरिएको,
- अस्पतालमा आउने विरामी तथा अन्य व्यक्तिहरुका लागि निशुल्क ईन्टरनेट सुविधा उपलब्ध गराईएको,
- नवजात शिशुको सघन उपचारका लागि SNCU वेड व्यवस्थापन गरिएको,
- आम्दानी खर्च तथा अन्य वित्तिय पारदर्शिता र प्रभावकारीतका लागि सफ्टवयर जडान गरिएको,
- घरेलु तथा अन्य प्रकारको हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट गुणस्तरिय सेवा प्रदान गरिदै आएको,
- गरिव, असहाय र विपदमा परेकाहरुलाई उपचारमा सहयोग गर्ने अभिप्रायले नेपाल सरकारले सामाजीक सुरक्षा ईकाई मार्फत वजेट व्यवस्थापन भएको,
- अस्पतालमा कार्यरत चिकित्सिक तथा अन्य स्वास्थ्यकर्मीहरुलाई विषयगत ज्ञान र सीप विकासका लागि आवश्यकता अनुसारका तालिमहरु उपलब्ध गराईएको,
- अस्पतालका चिकित्सक, पारामेडिक्स एवं नर्सिङ्ग स्वास्थ्यकर्मीहरुलाई आवश्यकता पहिचान गरी स्वास्थ्य सम्वन्धि विभिन्न विषयमा ज्ञान, सिप र क्षमता वृद्धि गरी स्वास्थ्य सेवा प्रवाहमा गुणस्तर कायम गर्न CME तथा CPD कक्षाहरु नियमित रुपमा संचालन हुदै अएको,
- अस्पतालको सेवाको गुणस्तर कायम राख्नको लागि गुणस्तर मापन समिति सक्रिय रहेको, न्यूनतम सेवा मापदण्ड (MSS) को पन्धौं फलोअप (२०८२ बैशाख महिनामा) सम्पन्न भएको र अस्पतालले ८० अंकको स्कोर प्राप्त गरेको ।
- सामाजिक सुरक्षा इकाईको स्थापना तथा संचालन,
- CEONC सेवा निरन्तरता,
- सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा कार्यक्रम प्रभावकारी रुपमा संचालन (गर्भवती जाँच, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित सुत्केरी (including C/S), सुरक्षित गर्भपतन सेवा) भएको
- नवजात शिशु सेवामा वृद्धि भएको । जस्तै SNCU मा नवशिशु भर्नामा वृद्धि भएको
- जेष्ठ नागरिक मैत्री अस्पताल (साईड रेलिङ्गको व्यवस्थापन)
- फोहरमैला व्यवस्थापन सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न एवं आवश्यक मर्मत सम्भार ।
- MMDP को कार्यक्रम नियमित रुपमा संचालन ।
- परिवार नियोजन सेवा तर्फ निःशुल्क वितरण हुने सामाग्रीहरुको खरिद तथा व्यवस्थापन
- ईण्डोस्कोपिक सेवा स्थापना २०८२ आषाढ देखि सेवा सुचारु ।
- ईकोकार्डियोग्राम (मुटुको भिडियो एक्सरे) सेवा स्थापना तथा संचालन,
- भौतिक पूर्वाधार विस्तार (ट्वाईलेट, वाथरुम, वेसिन जडान आदी),
- Autoclave Machine (300 kg capacity) जडान तथा संचालन,
- हाउस किपिङ्ग र लन्ड्रीको लागि छुट्टै कोठाको व्यवस्थापन,
- LED TV (75") र फर्निचर सहित CME/CPD हलको व्यवस्थापन,
- चिकित्सक नर्सिङ्ग तथा पारामेडिक्सहरुको लागि पुस्तकालय व्यवस्थापन,
- स्तनपान कक्षको व्यवस्थापन,
- ईन्टरलक टायलको प्रयोग गरेर पार्किङ्ग एरियाको व्यवस्थापन,
- MSS बाट प्राप्त सुझाव अनुसार विभिन्न ठाँउमा हात धुने वेसिनको व्यवस्थापन (जस्तै : क्यान्टिन, ART, OPD 6 आदी)
- शौचालयहरुको मर्मत तथा रंगरोगन,
- स्टोर व्यवस्थापन,
- बालमैत्री OPD व्यवस्थापन,
- ठाँउ ठाँउमा तातो चिसो पानीको (Water Dispenser) व्यवस्थापन
- सुरक्षा गार्डको व्यवस्थापन,
- जनरल ओपिडी, डेन्टल (मुख स्वास्थ्य सेवा) र आँखा उपचार को सेवा समय विस्तार
- OCMC सम्वन्धि अभिमुखिकरण सम्पन्न
- SNCU तथा KMC सम्वन्धि ४ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- USG, Digital X-Ray/Laundry Machine/Mortuary Chamber को व्यवस्थापन ।
- Physiotherapy Unit स्थापना तथा सेवा संचालन,
- Screening OPD संचालनमा ल्याई OPD सेवा व्यवस्थित ।

- Microbiology ल्याव संचालन तथा निरन्तरता,
- Lab Expansion गरि सेवा विस्तार (Vitamin-D, Vitamin B12) गरिएको ।
- प्रयोगशालामा संकमण रोकथामको लागि पार्टेशन गरी सेवा व्यवस्थित गरिएको (माईक्रोवायोलोजी कक्ष)
- व्यास नगरपालिकाको सहयोगमा दुईकोठे भवन स्टोर व्यवस्थापनको लागि प्राप्त भएको ।
- काम गर्ने तर प्रयोगमा नआएका मेसिनरी औजार तथा उपकरणहरुलाई आवश्यकता पहिचान गरी प्रयोगमा ल्याईएको, जस्तै: Highflow Nasal Canula, thermocoagulation, infusion pump)

आर्थिक वर्ष २०८२/७३ मा सम्पादन भएका प्रमुख कार्य एवं कार्यक्रमहरु

- स्थानिय स्तरमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार, निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन,
- NCD Screening, मधुमेह, उच्चरक्तचाप, क्यान्सर आदी रोगका प्रारम्भिक परिक्षण
- पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर स्क्रिनिङ्ग, उपचार व्यवस्थापन र परामर्श,
- स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम संचालन,
- अस्पतालको लागि आवश्यक औजार उपकरण खरिद
- LIS System खरिद एवं संचालन (Partial)
- Digital Report System
- Barcode आधारित Sample Tracking
- EMR संग Integration
- Laboratory Quality Assurance प्रणाली सुदृढीकरण
- Reporting Time घटाइएको ।
- स्वास्थ्यजन्य विपद् व्यवस्थापन तथा महामारी तयारी
- Hospital Disaster Management Team गठन
- Disaster Response Plan तयारी
- Mock Drill संचालन
- Mass Casualty Management तालिम
- Infection Prevention and Control (IPC) कार्यक्रम
- Emergency Stock Management
- Rapid Response Team परिचालन
- Digital Pay (Dynamic QR)
- Hospital Navigation (Chart and Floor Color Coding)
  - ✓ Red: Lab/X-ray
  - ✓ BlueM Vital Room
  - ✓ Green: Dental/Therapy
- EMR Fully Functional
- जग्गा उपयोगको प्रमाणपत्र प्राप्ती
- DPR मा संशोधन
- Expansion of Canteen

१० (ख) अस्पतालबाट दिईएको स्वास्थ्य सेवाहरु (छोटकरीमा)

क्र.सं.	संचालित सेवाहरु	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
१	जम्मा सेवाग्राही संख्या	९८३५६	१०७९८३	९६२१३
२	यस अस्पतालमा सेवा पाएका जेष्ठ नागरिक (≥६० बर्ष) हरू जना	२३५००	२६७४४	२५७०८
३	आकस्मिक कक्षबाट उपचार लिएका जना	१६८००	१०७३७	१०७३५
४	भर्ना भई उपचार लिएका जना	१३६४	२११८	१८९३
५	सर्जीकल सेवा (मेजर, ईन्टरमेडिएट र माईनर) जना	२९५९	१२८४२	१४११
६	ईन्डोस्कोपिक सेवा		१९	४४
७	ईकोकार्डियोग्राम (मुटुको भिडियो एक्सरे) सेवा		९	८३

क्र.सं.	संचालित सेवाहरु	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
८	एक्स-रे सेवा जना	१०९१३	१६०९७	२९५३६
९	भिडियो एक्स-रे सेवा जना	३८९३	५९१९	६८५६
१०	ई.सि.जि. सेवा जना	२२२१	४२१९	५३४३
११	प्रयोगशाला परिक्षण सेवा जना	३०६५३	३७९२९	३७८१७
१२	सुत्केरी (Delivery) सेवा जम्मा	२९८	३६६	२५५
१३	अप्रेशन (C/S) डेलिभरी	१९	५०	२९
१४	सुरक्षित गर्भपतन सेवा (Total)	२५०	२८१	२२३
१५	परिवार नियोजन सेवा-नयां प्रयोगकर्ता जना	५६५	५७४	५७०
१६	नवजात शिशु उपचार सेवा (SNCU)	११७	१३८	१७७
१७	एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट सेवा लिनेको संख्या	१२०	९४	७७
१८	सामाजिक सेवा ईकाई (SSU) बाट सेवा लिनेको संख्या	२३७	२१७	११७
१९	डेंगुरोगको परिक्षण संख्या	४६७९	४०६५	२२८८
२०	डेंगुरोगको पोजेटिभ संख्या	**२३८६**	**१३१५**	**३५**
२१	रक्त नमुना (औलोरोग) परिक्षण जना	१९२८	६५५	२१४
२२	निश्चित गरिएका (+ve) नयां औलोरोगीको संख्या	०	२	४
२३	कुष्ठरोग- नयां बिरामी संख्या	२	४	३
२४	मेडिको लिगल केश (जम्मा)	१२८९	९७६	९१९
२५	Post Mortem सेवा	१७०	१५०	१६५

११ सूचना अधिकारी, गुनासो संकलन अधिकारी र अस्पताल प्रमुखको नाम, पद र सम्पर्क नम्बर:
अस्पताल प्रमुख : डा परिवर्तन बराल (कन्सल्टेण्ट सर्जन) : ९८५६०६५६५२
सूचना अधिकारी : दिनेश पण्डित (अधिकृत छैटौ) : ९८५६०६४६०३
गुनासो संकलन अधिकारी : अमर राज भण्डारी : ९८५६०९१८६९

१२ ऐन नियम निर्देशिका वा मापदण्डहरुको सूची:

- आर्थिक कार्यविधि ऐन, २०५५
- औषधि ऐन, २०३५
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८
- मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५
- नेपाल मेडिकल काउन्सिल ऐन, २०२०
- नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६,
- नेपाल नर्सिङ्ग परिषद ऐन, २०५२
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७
- नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३,
- गण्डकी प्रदेश निजामति सेवा ऐन २०७९
- गण्डकी प्रदेश निजामति सेवा नियमावली २०७९
- निजामती सेवा नियमावली (सातौं संशोधन), २०६४
- नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४
- प्रशासकिय कार्यविधि (नियमित गर्ने ऐन) ऐन, २०१३
- सार्वजनिक खरिद नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धि ऐन, २०६६
- जन स्वास्थ्य सेवा ऐन २०७५

- जनस्वास्थ्य सेवा नियमावली २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७८
- प्रदेश सुशासन ऐन २०७६
- खोप सेवा संचालन तथा व्यवस्थापन ऐन २०७५
- राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८
- राष्ट्रिय खानेपानी गुणस्तर निगरानी सर्भिलेन्स निर्देशिका २०७०
- आर.आर.टी. निर्देशिका २०७९
- प्रदेश खर्चको मापदण्ड २०७९
- स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन तथा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धि मापदण्ड २०७९
- सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९
- स्वास्थ्य आपुर्ती श्रृङ्खला व्यवस्थापन सम्बन्धि मापदण्ड २०७८
- गण्डकी प्रदेश सरकारको स्वास्थ्य निति २०७८
- आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८
- अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र संचालन निर्देशिका, २०७७
- सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८
- सममाजिक सेवा एकाई (स्थापना तथा संचालन) निर्देशिका, २०७८
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धि निर्दोशिका, २०७८
- विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० (पहिलो संशोधन २०८२)

१३ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस अस्पतालको आ.व.२०८२।०८३ को आय तथा व्ययको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

प्रदेश समानीकरण तर्फः (बजेट रु. हजारमा)

बजेट शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
पुँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु जम्मा	७९००	७२८०.२७	९२.९६	१००
चालु खर्च तर्फ				
कर्मचारीहरुको तलवभत्ता तथा प्रशासनिक खर्च	३३८८९	२१२७०	६२.८	८७
उपचारात्मक सेवा	५८००	५११३	८८.२	९२
कर्मचारीको दक्षता तथा क्षमता विकास	३६०	३२३	८९.८	९४
जनशक्ति व्यवस्थापन	१३३८४	१२३९०	९२.६	१००
नर्सिङ तथा सामाजिक सुरक्षा	६००	२२९	३८.२	१००
महामारी तथा रोग नियन्त्रण	६००	४९९	८३.१	१००
स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन	१२०	१२०	९९.८	१००
अन्य स्वास्थ्य व्यवस्थापनसँग सम्वन्धित कार्यक्रम	३००	६४	२१.२	१००
विशेष अनुदान (मातृ तथा नवशिशु स्वास्थ्य)	३००	४५	१५.०	१००
विशेष अनुदान (नसर्ने रोग तथा मानसिक स्वास्थ्य)	१६००	९३१	५८.२	१००
चालु खर्च अन्तर्गतका कार्यक्रमहरु जम्मा	५६९५३	४०९८३	७२.०	९१
पुँजिगत खर्च तथा चालु खर्च जम्मा	६४८५३	४८२६४	७४.४	९१


संघ सशर्त अनुदान तर्फः (बजेट रु. हजारमा)

बजेट शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तीय प्रगति%	भौतिक प्रगति%
एडस् तथा यौनरोग नियन्त्रण (चालु)	५२८	४९८	९४.३८	१००

बजेट शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तीय प्रगति%	भौतिक प्रगति%
परिवार कल्याण कार्यक्रम (पुजिगत)	७००	६९३	९८.९३	१००
परिवार कल्याण कार्यक्रम (चालु)	१३४८८	८२९५	६१.५०	१००
नर्सिङ तथा सा.सु.से. कार्यक्रम (चालु)	४०००	२१६२	५४.०६	१००
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (पुजिगत)	५०००	०	०	०
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (चालु)	११७३४	१०३७२	८८.३९	१००
महामारी रोग नि. कार्यक्रम	३६१	२९९	८२.८४	१००
स्वास्थ्य व्यवस्थापन कार्यक्रम	६५०	५१८	७९.७१	१००
संघ शसर्त अनुदान (पुजीगत जम्मा)	५७००	६९३	१२.१५	५०.००
संघ शसर्त अनुदान (चालु जम्मा)	३०७६१	२२१४४	७१.९९	१००.००
संघ शसर्त अनुदान (जम्मा)	३६४६१	२२८३७	६२.६३	९७.२२
जम्मा (संघ+प्रदेश) पूजीगत खर्च	१३६००	७९७३	५८.६२	८९
जम्मा (संघ+प्रदेश) चालुखर्च	८७७१४	६३१२८	७१.९७	९१.९६
कूल जम्मा (संघ+प्रदेश) खर्च	१०१३१४	७११००	७०.१८	९१.९०

बजेट उपशीर्षक	खुद बजेट			खर्च रकम (वित्तीय)			खर्च प्रतिशत (वित्तीय प्रगति)		
	चालु	पूँजीगत	जम्मा	चालु	पूँजीगत	जम्मा	चालु	पूँजीगत	जम्मा
प्रदेश श्रोत तर्फ	56953.00	7900.00	64853.00	40983.25	7280.27	48263.52	71.96	92.16	74.42
संघ सशर्त अनुदान	30761.00	5700.00	36461.00	22144.38	692.52	22836.90	71.99	12.15	62.63
कुल जम्मा	87714.00	13600.00	101314.00	63127.63	7972.79	71100.42	71.97	58.62	70.18

भौतिक तथा वित्तिय प्रगती छोटकरिमा: २०८२/८३



अस्पताल ब्यबस्थापन समिति तर्फ आय व्यय विवरण छोटकरिमा

आ.व. २०८२/८३ को यथार्थ आम्दानी र खर्च

शीर्षक	आम्दानी (रु.)	यथार्थ खर्च (रु.)	बाँकी (रु.)
अ.ल्या. आम्दानी	१७४३८०५१.१०	१७४२०७३८.००	१७३१३.१०
काउन्टर आम्दानी	३१६१२०२४.३८	२९०२५६३५.००	२५८६३८९.३८
स्वास्थ्य बिमा	३५४८६९१५.२०	३२२५७४५५.००	३२२९४६०.२०
ओ.जी.टि.	५४२०००.००	५००००.००	४२०००.००
फार्मेसी	१३२७०६७५.००	११७६०८५४.००	१५०९८२१.००
Dialysis	२१३०५०००.००	१९४१७५००.००	१८८७५००.००
अनुदान	०.००	०.००	०.००
आमा सुरक्षा लगायतका कार्यक्रम	१८३७१५६.००	४९८०९६.००	१३३९०६०.००
निक साइमन	०.००	०.००	०.००

शीर्षक	आम्दानी (रु.)	यथार्थ खर्च (रु.)	बाँकी (रु.)
कोरोना भाइरस कोष	०.००	०.००	०.००
अन्य आम्दानी	२१९०६७.८५	१८७६४७.००	३१४२०.८५
जम्मा	१२१७१०८८९.५३	१११०६७९२५.००	१०६४२९६४.५३

व्यवस्थापन समितिको वैठक वसेको पटक = ५ पटक ।

१४ अस्पतालमा परेका सूचना माग सम्बन्धि निवेदन : लिखित निवेदन नपरेको । यस अस्पतालको फेसबुकपेजमा साप्ताहिक सेवालाई प्रकाशन गर्ने गरिएको छ ।

गुनासो संकलन अधिकारी मार्फत र गुनासो पेटिकामा परेको गुनासो सम्बन्धि निवेदनहरुको सम्बन्धित विभाग/वार्डहरु संग समन्वय गरी गुनासोको सम्बोधन गर्ने गरिएको छ । गम्भिर प्रकृतिका गुनासोहरु मेडिकल सुपरिटेन्डेण्ट द्धारा सुनुवाई गरिदै आएको छ ।

१५ सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण
वेभसाइट: https://pht.gandaki.gov.np/
इमेल: damaulihospital2068@gmail.com
कार्यालयको फोन नं. ०६५-५६३२०३